शारदा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खलंगा, सल्यान

आज मिति २०७८ साल चैत्र २५ गतेका दिन शारदा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

## तपसिल

| | | |
|---|---|---|
| १. श्री प्रकाश भण्डारी | नगर प्रमुख शारदा नगरपालिका सल्यान | |
| श्री सास्मिता खापकोटा | नगर उपप्रमुख | ,, ,, |
| श्री प्रदिप पाण्डेय | वडाध्यक्ष वडा नं. १ | ,, |
| श्री सविना हमाल | ,, | २ ,, |
| श्री तुलसा भण्डारी | ,, | ३ ,, |
| श्री किशोर कुमार हमाल | ,, | ४ ,, |
| श्री प्रदिप शाही | ,, | ५ ,, |
| श्री निकराज बुढाथोकी | ,, | ६ ,, |
| श्री लिलाबहादुर रोका | ,, | ७ ,, |
| श्री लक्ष्मण बुढाथोकी | ,, | ८ ,, |
| श्री हेमेन्द्र कुमार बुढाथोकी | ,, | ९ ,, |
| श्री कृष्ण बहादुर बोहरा | ,, | १० ,, |
| श्री राजेन्द्र कुमार शर्मा | ,, | ११ ,, |
| श्री सुरेन्द्र बुढा | ,, | १२ ,, |
| श्री ओम बहादुर बुढा | ,, | १३ ,, |
| श्री प्रकाश पुन | ,, | १४ ,, |
| श्री लोकमान बुढाथोकी | ,, | १५ ,, |
| श्री रत्ना कुमारी रावत | नगर कार्यपालिका सदस्य | |
| श्री मन्जु पोख्रेल | ,, | ,, |
| श्री भगवती बोहरा | ,, | |
| श्री इन्द्रा कुमारी डाङ्गी | ,, | |
| श्री पुष्पा नेपाली | ,, | |
| श्री गोमा पोखरेल | ,, | |
| श्री प्रेम कुमार शाही | ,, | |
| श्री दिपक विश्वकर्मा | ,, | |
| श्री ओम प्रकाश देवकोटा | सचिव | ,, |

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ४५** **स्थानः नगरपालिका भवन** **मिति २०८१/१२/२५ गते**

**समयः विहान ८:०० बजे**

**प्रस्तावहरुः**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. बाल विवाह अन्त्यका लागि पञ्च-वर्षीय रणनीतिक योजना (२०८२-२०८६) प्रस्तुत तथा स्वीकृति सम्बन्धमा।
४. अद्यावधिक नगर शिक्षा योजना स्वीकृत सम्बन्धमा।
५. विभिन्न विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत सम्बन्धमा।
६. अधिकृत सातौं रविन्द्र कुमार वुढाको नियुक्ति तथा पदस्थापन सम्बन्धमा।
७. प्रशासकीय अधिकृत (वडा सचिव) सुमन कुमार शर्माको उपदान रकम उपलब्ध गराउने सम्बन्धमा।
८. कर छुट सम्बन्धमा।
९. विभिन्न सडक निर्माण लागि भएको मेसीन प्रयोग र खपत भएको इन्धनको खर्च अनुमोदन सम्बन्धमा।
१०. भुक्तानी/फरफारक अनुमोदन सम्बन्धमा।
११. अनुगमन समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा।
१२. नगरपालिका तथा वडा कार्यालयले नागरिकलाई दिने सेवा सुविधाको समीक्षा सम्बन्धमा।
१३. वितरित विपद् राहत रकम अनुमोदन सम्बन्धमा।
१४. बाली तथा पशुपंछी उपचार सेवा केन्द्र सञ्चालन सम्बन्धमा।
१५. योग शिविर सञ्चालन सम्बन्धमा।
१६. मेयर कप क्रिकेट आयोजना गर्ने सम्बन्धमा।
१७. शारदाको अंग्रेजीमा लेखनमा भएको दोहोरोपनमा एकरुपता अपनाउने सम्बन्धमा।
१८. तरकारी बीउ प्रशोधन केन्द्र सहित शाखा कार्यालय स्थापना सम्बन्धमा।
१९. सिंचाई योजनाको नाम संसोधन सम्बन्धमा।
२०. प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनको लागि ToR स्वीकृत सम्बन्धमा।
२१. विविध।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ चैत्र २५ गते**

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो।

**निर्णय नं. २**

कार्यपालिकाको ४३ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

(१) "घ" वर्गको निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि, २०८१

(२) कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१

(३) बाली तथा पशुपंछी उपचार सेवा केन्द्र सञ्चालन कार्यविधि, २०८१

त्यसैगरी तपसीलमा उल्लेखित कार्यविधि अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो।

(१) मेला महोत्सव व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

**निर्णय नं. ३**

नगर कार्यपालिकाको मिति २०८१ मंसीर ०३ गतेको कार्यपालिकाको बैठकको निर्णयले यस नगरपालिका र बाल विवाह विरुद्ध साझा अभियान संजाल, कर्णाली प्रदेश सचिवालय विरेन्द्रनगर, सुर्खेतबीच बालविवाह न्यूनीकरणका लागि रणनीतिक योजना निर्माण सम्बन्धी भएको सम्झौता अनुसार सो रणनीतिक योजनाको मस्यौदा तयार गर्न नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनारको संयोजकत्वमा गठीत समितिले पेश गरेको बालविवाह अन्त्यका लागि पञ्च- वर्षीय रणनीतिक योजना (२०८२-२०८६) प्राप्त सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनारको संयोजकत्वमा गठीत समितिले अद्यावधिक गरी पेश गरेको यस नगरपालिकाको नगर शिक्षा योजना स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५**

कार्यपालिकाको मिति २०८१ मंसिर ३ गते बसेको ३९ औं बैठकले दिएको सैद्धान्तिक सहमति अनुसार कार्यसम्पन्न गरी पेश हुन आएका तपसीलका सडकहरुको विस्तृत परियोजना प्रतिवेदन (DPR) स्वीकृत गर्ने निर्णय गरियो।

| सि नं | DPR भएको परियोजनाको नाम | परामर्शदाता कम्पनी | कैफियत |
|---|---|---|---|
| १ | बराला-सापमारा-जयतपानी सडक | मानव इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. | |
| २ | ओखेनी-जयतपानी सडक | रोयल हिमालयन इन्जिनियरिङ्ग कन्सट्रक्सन प्रा. लि. | |
| ३ | जयतपानी-धिरूवा-नयाँबस्ती सडक | सुप्राम्याच इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा. लि. | |
| ४ | फोहर व्यवस्थापन केन्द्र (Duming Site) शारदा नगरपालिका-३, सल्यान | आवास इन्जिनियरिङ्ग कन्सल्टेन्सी, कोहलपुर-११, बाँके | |

**निर्णय नं. ६**

लोक सेवा आयोग, कर्णाली प्रदेश अन्तर्वार्ता तथा सिफारिश शाखाको च. न. ५४६ मिति २०८१/१२/१९ को पत्र बमोजिम यस शारदा नगरपालिकाको कार्यालयमा सिफारिश भई आउनु भएका अधिकृत सातौं श्री रविन्द्र कुमार वुढालाई कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा १५ (१) अनुसार स्थानीय प्रशासन सेवा, सामान्य प्रशासन समूह, अधिकृत सातौं पदमा मिति २०८१ चैत्र २१ गतेबाट जेष्ठता कायम हुने गरी स्थायी नियुक्ति तथा यस

**कार्यपालिका बैठक मिति २०८१ चैत्र २५ गते**

...रा दवकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नगरकार्यपालिकाको कार्यालय मातहतको प्रशासन, योजना तथा अनुगमन शाखाको शाखा प्रमुखको जिम्मेवारीमा पदस्थापन गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

तत्कालीन खलंगा गाउँ विकास समितिको पदपूर्ति समितिको मिति २०५८/१२/२८ गतेको निर्णयानुसार सह लेखापाल पदमा स्थायी नियुक्ति भई सोही गाउँ विकास समितिको मिति २०७१/०८/०१ गतेको निर्णयानुसार सहायकस्तर पाँचौ तह लेखापाल (विषेश) पदमा पदोन्नति भएको र यस नगरपालिकाको मिति २०७५/०९/०४ को निर्णयानुसार प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौं तहमा समायोजन तथा पदस्थापना भई वडा सचिवको पदमा कार्यरत रहेका वडा सचिव (प्रशासकीय अधिकृत) श्री सुमन कुमार शर्माको स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६१ बमोजिम उमेर हदका कारण मिति २०८१/१०/१८ गते देखि अनियवार्य अवकास भएकोले स्थानीय तहमा कार्यरत कर्मचारीहरुले अवकाश पश्चात पाउने सेवा सुविधा सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २६६ मा उल्लेख भए अनुसार उपचार खर्च र नियम २६८ (ङ) मा उल्लेख भए अनुसारको उपदान खर्च र यस शारदा नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि,२०८१ को दफा २१ को उपदफा २(ख), दफा २२ र दफा २३ मा उल्लेख भए बमोजिम उपदान रकम, उपचार खर्च रकम र संचित विदा बापतको रकम आकर्षित हुने देखिएकोले तपसील बमोजिम सेवा सुविधा बापतको रकममा प्रचलित कानून अनुसार कर कट्टी गरी भुक्तानी दिने निर्णय गरियो।

| क्र.स. | विवरण | सेवा अवधि/संचित विदा दिन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपचार खर्च बापतको रकम | १२ महिना बराबरको रकम | ५,४१,८२४/- | २०७५ साल माघ देखि २०८१ माघ सम्मको तलबमानमा १०% कटौति |
| २ | उपदान बापतको रकम | ४४ महिना बराबरको रकम | १९,८६,६८८/- | |
| ३ | संचित घर विदा बापतको रकम | १८० दिन | २,६२,०८०/- | |
| ४ | संचित विरामी विदा बापतको रकम | २७४ दिन | ३,९८,९४४/- | |
| ५ | खाइपाइ आएको तबलमा १०% कटौति हुने रकम | | २,८६,९४९/- | |
| जम्मा रकम | | | २९,०२,५८७/- | |

**निर्णय नं. ८**

मानव अधिकार वकालत केन्द्र, सल्यानले यस शारदा नगरपालिका मार्फत शारदा नगरपालिका -२ मा निर्माण भईरहेको भवनको नक्सा पास वापतको राजश्व छुटका लागि मिति २०८१/११/१२ मा पत्राचार गरी अनुरोध भई आएकोले राजश्व छुट दिने निर्णय गरियो।

**निर्णय नं. ९**

यस आर्थिक वर्ष २०८१/८२ मा नयाँ सडकको ट्र्याक खोल्ने तथा जीर्ण सडकहरुको मर्मत एवं सरसफाईमा प्रयोग भएका स्काभेटर र व्याकहो लोडरले प्रयोग गरेको इन्धन वापतको रकम रु १८ लाख बराबरको खर्च अनुमोदन गर्ने निर्णय गरियो।

ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ चैत्र २५ गते**

**निर्णय नं. १०**

यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार हालसम्म भएको फरफारक (खर्च तथा भुक्तानी) को अनुमोदन गर्ने निर्णय गरियो । जसमा चालु तर्फ रु. २७,२१,४८,८८३।६३ (५३.३८ प्रतिशत) पूँजीगत तर्फ रु. ५,४५,३२,२११/- (१५.८९ प्रतिशत) र समग्रमा (३८.२९ प्रतिशत) रहेको छ।

**निर्णय नं. ११**

शारदा नगरपालिकाका उपप्रमुख सुस्मिता सापकोटा सुनारले पेश गर्नु भएको २०८१ श्रावण गते देखि हालसम्मको अनुगमन प्रतिवेदन अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं. १२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा उल्लेख भएका यस नगरपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट नागरिकलाई प्रदान गरिने सेवा सुबिधाका बारेमा समीक्षा गरियो।

**निर्णय नं. १३**

विपद राहत कोषबाट वितरित तपसीलको राहत रकमलाई अनुमोदन गर्ने निर्णय गरियो।

| क्र.स. | राहत प्राप्त व्यक्तिको नाम | ठेगाना | प्राप्त राहात रकम | विपद्को प्रकार | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम बहादुर बस्नेत | शारदा न.पा.-४,सल्यान | १५००० | आगलागी | घर नष्ट भएको |
| २ | राति नाथ | शारदा न.पा.-१५,सल्यान | १५००० | आगलागी | घर नष्ट भएको |
| ३ | हिरा लाल बुढाथोकी | शारदा न.पा.-१५,सल्यान | १५००० | आगलागी | घर नष्ट भएको |
| ४ | हुकुम बहादुर कवर | शारदा न.पा.-९,सल्यान | १५००० | आगलागी | घर नष्ट भएको |
| ५ | पूर्ण बहादुर गन्दर्भ | शारदा न.पा.-३,सल्यान | १५००० | आगलागी | घर नष्ट भएको |

**निर्णय नं. १४**

कृषि विकास तथा पशु सेवा शाखाबाट प्रदान गरिने सेवालाई जनस्तर र घरदैलो सम्म पुऱ्याउन वडा कार्यालयबाट प्रदान गरिएको सेवाप्रवाहलाई समुदायस्तरमा बाली तथा पशपन्छी उपचार सेवा केन्द्र स्थापना गर्ने निर्णय गरियो।

| वडा नं. | उपचार सेवा केन्द्र रहने स्थान | सेवा प्रदान गरिने वार | कैफियत |
|---|---|---|---|
| १ | चैबाङ्गज्युला | प्रत्येक दोस्रो र चौथो बुधवार | तोकिएको दिनमा सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट |
| २ | जोगीदेउ खोला | प्रत्येक पहिलो र तेस्रो बुधवार | |
| ३ | वडा नं ३ को कार्यालय | प्रत्येक दोस्रो र चौथो बुधवार | |
| ४ | सुनटाकुरा | प्रत्येक दोस्रो र चौथो बुधवार | |
| ५ | रातामाटा | प्रत्येक दोस्रो र चौथो शुक्रवार | |
| ६ | सापमारा | प्रत्येक दोस्रो र चौथो शोमवार | |
| ७ | ओख्रेनी | प्रत्येक दोस्रो र चौथो मंगलवार | |
| ८ | सिमखर्क | प्रत्येक दोस्रो र चौथो बुधवार | |
| ९ | सुनचौर पुनटोल | प्रत्येक दोस्रो र चौथो शोमवार | |

कार्यपालिका बैठक मिति २०८१ चैत्र २५ गते

...श प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| ९ | नयाँ बस्ती | प्रत्येक दोस्रो र चौथो बुधवार | |
| १० | पैंया खर्क | प्रत्येक पहिलो र तेस्रो बिहिवार | |
| ११ | पेदी | प्रत्येक दोस्रो र चौथो मंगलवार | |
| १२ | तिमिले | प्रत्येक दोस्रो र चौथो बुधवार | |
| १३ | अत्तरकाँडा | प्रत्येक पहिलो र तेस्रो शोमवार | |
| १४ | पल्लो बरला | प्रत्येक दोस्रो र चौथो शोमवार | |
| १५ | हरले | प्रत्येक पहिलो र तेस्रो बुधवार | |

**निर्णय नं. १५**

यस नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८२ बैशाख २ गते देखि ६ गते सम्म शीतलपाटीमा योग शिविर सञ्चालन गर्न तपसीलको व्यवस्थापन समिति गठन गर्ने तथा यस कार्यका लागि आवश्यक सहजीकरण एवं प्राविधिक सहयोगका लागि पतञ्जली योग पीठ सल्यान शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

१. वडा नं १२ का अध्यक्ष श्री सुरेन्द्र बुढा — संयोजक
२. वडा नं १३ का अध्यक्ष श्री जंग बहादुर बुढा — सदस्य
३. कार्यपालिका सदस्य श्री रत्ना थापा — सदस्य
४. कार्यपालिका सदस्य श्री गोमा पोखरेल — सदस्य
५. कार्यपालिका सदस्य श्री भगवती बोहरा — सदस्य
६. वरिष्ठ आन्तरिक लेखापरीक्षण अधिकृत चन्द्र प्रसाद शर्मा — सदस्य
७. स्वास्थ्य शाखा प्रमुख वीरेन्द्र हमाल — सदस्य सचिव

**निर्णय नं. १६**

दोस्रो मेयर कप क्रिकेट मिति २०८२ बैशाख ६ गतेबाट सञ्चालन गर्ने र सो को व्यवस्थापन तथा सहजीकरण गर्न जिल्ला क्रिकेट संघ, सल्यानले पेश गरेको प्रस्तावना बमोजिम MOU गरी प्रक्रिया अगाडि बढाउन यस नगरपालिकाको शिक्षा शाखालाई सम्पर्क इकाईको रुपमा तोक्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

शारदा नगरपालिकाको अंग्रेजी स्वरुपमा विभिन्न निकायबाट प्रयोगमा ल्याइएका प्रणाली (Web System) मा तपसील बमोजिम भएको अंग्रेजी स्पेलिङ्गमा एकरुपता कायम गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो ।

| सि नं | निकाय | System को नाम | भएको Spelling | हुनु पर्ने |
|---|---|---|---|---|
| १ | सूचना प्रविधि विभाग | Sharada website | Shaarada | Sharada |
| २ | सार्वजनिक खरिद अनुगमन कार्यालय | eTender | sarada | Sharada |
| ३ | महालेखा नियन्त्रकको कार्यालय | SuTRA | sarada | Sharada |

**निर्णय नं. १८**

शारदा नगरपालिका वार्ड नं १ श्रीनगरमा कृषि सामाग्री कम्पनी लिमिटेडले निर्माण र सञ्चालन गर्ने गरी तरकारी बीउ प्रशोधन केन्द्र तथा शाखा कार्यालय स्थापना गर्न आवश्यक रकम रु ३ करोड विनियोजन गरि दिन हुन भनी नेपाल सरकार, कृषि तथा पशुपंछी विकास मन्त्रालय, सिंहदरवार, काठमाण्डौंलाई अनुरोध गर्ने निर्णय गरियो ।

...म प्रकाश बवकोटी
प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक मिति २०८१ चैत्र २५ गते**

**निर्णय नं. १९**

कर्णाली प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्ला कृषि विकास कार्यालय, सल्यानबाट कार्यान्वयन गर्ने गरी विनियोजन एवं छनौट भएको शारदा नगरपालिका वार्ड नं ७ को खैराखोला सिंचाई कुलो निर्माण योजनाको नाम संसोधन गरी खरीखोला सिंचाई कुलो निर्माण योजना कायम गरी कार्यान्वयन गरी दिन हुन भनी जिल्ला कृषि विकास कार्यालय, सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. २०**

शारदा नगरपालिका वार्ड नं ३ मा रहेको यस नगरपालिकाको फोहरमैला व्यवास्थापन केन्द्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नका लागि आवश्यक संक्षिप्त कार्यसूची (ToR) स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. २१**

विविध विषयमा तपसीलको निर्णय गरियो।

(क) नगरपालिका संघको कार्यकारिणी समितिको बैठक तथा संघको स्थापना दिवसमा भाग लिन एवं नगरपालिकामा सञ्चालन गर्नु पर्ने विकास योजनाका आवश्यक बजेट मागका लागि मिति २०८१ चैत्र ३ गते देखि गर्नु भएको काठमाण्डौंको भ्रमण गर्दाको खर्च अनुमोदन गर्ने।

(ख) स्यानीखाल स्वास्थ्य चौकीमा कार्यरत अनमी (बर्थिङ्ग) गीता भण्डारीले राजिनामा गरी रिक्त रहन गएको पदमा करारमा अनमी भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने।

(ग) शारदा नगरपालिका वार्ड नं. ८ को आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मार्के स्वास्थ्य चौकीमा सरसफाई कार्यक्रम शीर्षकबाट स्वास्थ्य चौकीको बर्थिङ्ग कार्यलाई सहयोग पुग्ने गरी सरसफाई कर्मचारी ज्यालादारी करार नियुक्ति प्रक्रिया अगाडि बढाउन दिन हुन भनी ८ नं. वडा कार्यालयबाट अनुरोध भई आएकोले भर्ना प्रक्रिया बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने।

(घ) यस शारदा नगरपालिकाको कार्यालय तथा शारदा नगरपालिकाको लागि समय र श्रम खर्च गर्नु हुने शुभचिन्तक तथा महानुभावका लागि प्रदान गरिएको सल्यानी खुकुरी एवं खुँडा खरिद गर्दा लागेको खर्च अनुमोदन गर्ने।

(ङ) यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रममा विनियोजन भई खरिद गरिएको टिप्परलाई कार्यालयको कामका बखत उपलब्ध हुनेगरी अतिरिक्त खाली समयका लागि प्रचलित कानून अनुसार भाडा (वहाल) मा लगाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

(च) तार्केश्वर नगरपालिकाको आर्थिक सहयोगमा यस नगरपालिकालाई प्राप्त हुने एम्बुलेन्स हस्तान्तरणको अन्तिम तयारीमा रहेकोले सो का लागि आवश्यक पर्ने एम्बुलेन्स चालक भर्ना गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने।

...म प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृ...

कार्यपालिका बैठक मिति २०८१ चैत्र २५ गते